चौदण्डिगढि नगरपालिकाको आयोजनामा राष्ट्र र समाजका लागि योजना र कार्य पानस उदयपुरको सहजीकरणमा चौदण्डिगढि नगरपालिका वडा नम्बर ७ बेल्टार सिटि हलमा आ.ब.०७८/७९ को पहिलो चौमासिक अवधिको सम्पन्न सार्वजनिक सुनुवाई कार्यक्रमको प्रतिवेदन
२०७८/०८/१० बेल्टार

पृष्ठभुमि :
स्थानीय स्वायत्त शासन ऐन २०५५, को परिच्छेद ८ ले नगरपालिकालाई राजस्व अधिकार प्रदान गरेको र दफा २३६ वमोजिम नेपाल सरकारले अनुदान दिने व्यवस्था गरेको छ । स्थानीय स्वायत्त शासन नियमावली, २०५६ को नियम २७३ 'घ' ले यस्तो रकम प्रवाह गर्दा न्यूनतम शर्त तथा कार्यसम्पादन सूचकको आधारमा स्थानीय निकायहरूको मूल्याङ्कन गरी स्थानीय निकायलाई दिइने वार्षिक अनुदानमा थपघट गर्न र उत्कृष्ट कार्य गर्ने स्थानीय निकायहरूलाई पुरस्कृत गर्न सक्ने व्यवस्था गरेको छ । सो व्यवस्था कार्यान्वियन गर्न नेपाल सरकार स्थानीय निकाय वित्तीय आयोगले "नगरपालिकाका लागि न्यूनतम शर्त तथा कार्यसम्पादन मापन कार्यविधि, २०६६" तर्जुमा गरी लागू गरेको छ । नगरपालिकाको न्यूनतम शर्त तथा कार्यसम्पादन मापन कार्यविधि (परिमार्जन र संशोधन सहित ),२०६६ जारी गरिएको छ । उक्त कार्यविधि अनुसार  कार्यसम्पादन मापन कार्यक्षेत्र समुह नं.१ स्थानीय शासन सुचक नं.८ पुरा गर्न,नगरपालिकाले प्रत्येक चौमासिकमा सार्वजनिक सुनुवाई गर्नु पर्ने हुन्छ । कार्यविधि अनुसार स्थानीय निकायले सार्वजनिक सुनुवाइको बहसलाई विषय केन्द्रित गराउन एक जना सार्वजनिक सुनुवाइ सहजकर्ताको व्यवस्था गर्नुपर्नेछ । चौदण्डि नगरपालिका उदयपुरले सोहि अनुरुप राष्ट र समाजका लागि योजना र कार्य पानस उदयपुरको सहजीकरणमा आर्थिक वर्ष ०७८/७९ को पहिलो चौमासिक  अवधिको सार्वजनिक सनुवाई कार्यक्रम २०७८/०८/१० गतेका दिन चौदण्डिगढि नगरपालिका ७ बेल्टार सिटि हलमा संचालन गरि सम्पन्न गरेको छ । राष्ट्र र समाजका लागि योजना र कार्य पानस उदयपुरले सम्पन्न उक्त सार्वजनिक सुनुवाई कार्यक्रमको निम्न अनुसार प्रतिवेदन तयार गरि नगरपालिकमा पेस गरेको ब्यहोरा अनुरोध छ ।

सार्वजनिक सुनुवाइको उद्देश्य :
१ चौदण्डिगढि नगरपालिका  उदयपुर बाट संचालित विकास कार्यक्रम, उपलब्ध सेवा, वस्तु र सुविधा आदिको वारेमा सन्तुष्टि वा असन्तुष्टि जानाउने ।
२ सार्वजनिक थलोमा सेवाग्राही नागरिकले उठाएका प्रश्नहरुमा स्पष्टता ल्याउने ।
३ नागरिकवाट प्राप्त रचनात्मक सुझावलाई ग्रहण गर्ने तथा जिम्मेवार संस्कार बसाउने ।
४ न्यूनतम शर्त तथा कार्य सम्पादन मापनका सुचक पुरा गर्ने ।
५ सुशासन संस्कारको बिकास गर्ने ।

कायक्रमको संक्षिप्त जानकारी :
सार्वजनिक सुनुवाइ संयोजन गर्ने : राष्ट्र र समाजका लागि योजना र कार्य पानस उदयपुरको
सुनुवाई गरिएका विषयवस्तुहरु:
संचालित विकास कार्यक्रम उपलब्ध सेवा, वस्तु र सुविधा आदिको वारेमा सन्तुष्टि असन्तुष्टि जे छ खुल्ला राख्ने ।
सेवाको नियमितता र सेवाको गुणस्तर कस्तो छ ।
सेवाप्रतिको जनविश्वास,सेवा सम्बन्धी जानकारीको अवस्था कस्तो छ ।
नगरिक बडापत्र,उजुरी पेटिका,गुनासो रजिष्टर र गुनासो सुन्ने अधिकारीको व्यवस्था कस्तो छ ।
सिफारिस,पूर्वाधार तथा सरसफाई,आफ्नो अनुभव र पारदर्शिता सम्बन्धी अवस्था कस्तो छ ।
हाका-हाकी प्रश्न उत्तर तथा छलफल भएको थियो ।

कार्यक्रम आयोजना स्थल :– चौदण्डिगढि नगरपालिका बेल्टार सिटि हल
कार्यक्रम आयोजना गरिएका मिति र समय : २०७८ मंसीर १०

कार्यक्रम सञ्चालन गरिएको समयावधि (घण्टा/मिनेटमा) : तीन घण्टा

उपलब्धिहरु :
चौदण्डिगढि नगरपालिका उदयपुरको सामाजिक जिम्मेवारी प्रचलित ऐन, नियमावली, निर्देशिका र कार्यविधि अनुसार समावेशी र समतामुलक विकासका लागि उपयुक्त नीति, योजना, कार्यक्रम तर्जुमा र कार्यान्वयन गर्ने साथै लक्षित समुहलाई ध्यान दिई सेवा प्रवाह गर्ने नगरपालिकाको सामाजिक दायित्वमा टेवा पुगेको छ ।
कार्यविधि र प्रकृया :
१. सार्वजनिक सुनुवाईको पुर्व तयारी (अधिकारीहरुसंग सम्पर्क,सहभागिहरुको चयन,मिति समय र स्थान को छनौट तथा सन्दर्भ सामग्री अध्ययन र समिक्षा)गर्ने,
२ सार्वजनिक सेवा प्रवाह,नागरिक प्रतिवेदन पत्र र बहिर्गमन अभिमत सम्वन्धी प्रतिवेदन तयार गर्ने
३ सार्वजनिक सुनुवाई कार्यक्रम संचालन गर्ने
४ नगरपालिकालाई प्रतिवेदन बुझाउने

सहभागीहरु : तपशिल अनुसारको क्षेत्रवाट प्रतिनिधित्व भएको यस सार्वजनिक सुनुवाईमा १८० जनाको सहभागिता रहेको थियो ।
नगरपालिकाका जनप्रतिनिधिहरु,नगरपालिका पदाधिकारी अन्य बिषयगत कार्यालयका प्रमुख तथा प्रतिनिधिहरु । स्थानिय सेवा प्रदायक संस्थाहरु,उपभोक्ता समितिका प्रमुख तथा प्रतिनिधिहरु र आम उपभोक्ताहरु,नागरिक समाजका प्रतिनिधिहरु, सरोकार राख्ने नागरिकहरु,पेशा तथा व्यवसायिहरु,संचारकर्मिहरु,एकिकृत योजनातर्जुमा समितिका सदस्यहरु,लक्षित बर्ग समुदायका प्रतिनिधिहरु,वडा नागरि मंच,टोल विकास संस्था,सामाजिक परिचालकहरु ।
कार्यालयको कुन-कुन पक्षमा धेरै राम्रो लाग्यो,कुन-कुन पक्षलाई सुधार गर्नुपर्ने देखियो ?

| राम्रो लागेका कुराहरु | सुधार गर्नुपर्ने विषयहरु |
|---|---|
| (१) चौदण्डिगढी नगरपालिकाको नवनिर्मित भवन राम्रो रहेको छ<br>(२) सेवग्राहिलाई छिटो छरितो र चुस्त तरिकाले सेवा दिएको राम्रो<br>(३) कार्यालयमा कर्मचारीहरुलाई समयमानै भेट गर्न पाईएको छ ।<br>(४) सोधिएका कुरा नझर्कि भन्ने गर्नु भएको छ ।<br>(५) नगरपालिकाले संचालन गरेको दमकल, एम्बुलेन्स, सववाहनको कार्य राम्रो छ । | (१) कार्यालय भवन भित्र नियमीत सरसफाई गरिनु पर्छ<br>(२) भवन जस्तो जनताको काम पनि काम राम्रो हुनु पर्छ<br>(३) नगरपालिका भवन राम्रो भए पनि शौचालय फोहोर छ<br>(४) नगरपालिकाको भवन निर्माण हुदा शसस्त्र प्रहरी विट हट्दा खेरी यस वडा नम्बर ७ मा विकृति धेरै हुने संभावना छ ।<br>(५) राम्रो यस नगरपालिका भित्र फोहोर मैलाको उचित व्यवस्थापन हुन सकेको छैन ।<br>(६) पोल बत्ती सबै ठाउँमा विस्तार नभएको<br>(७) खोला नालाको रोकथाम नभएकाले त्यसलाई उचित व्यवस्थापन गरिनु पर्छ |

| | |
|---|---|
| (६) नगर तथा वडाका भवनहरु राम्रो भएको<br>(७) स्वास्थ्यको आधारभुत सेवा उपलब्ध भएको छ ।<br>(८) विपन्न नागरिकहरुलाई आर्थिक सहयोग हुने गरेको राम्रो छ ।<br>(९) युवाहरुको खेलकुदको क्षेत्रमा बजेट विनियोजन गरेर खेल गतिविधि नियमीत संचालन गरेको छ ।<br>(१०) नगरपालिकाको वातवरण पारिपारिक छ, मेयर सापलाई भेट्न झन्झटिलो छैन कर्मचारी मिलनसार छन्<br>(११) सेवाग्राहिलाई कर्मचारी र जनप्रतिनिधिहरुले सम्मान गर्ने गर्नु हुन्छ<br>(१२) काम परेर जाँदा उचित र सरल तरिकाले सहयोग भएको छ । सडक बत्तिको उचित व्यवस्थापन भएको छ ।<br>(१३) कार्यालय संचालन र वरपरको वातवरणढा अति राम्रो छ ।<br>(१४) नयाँ भवनमा अपांगमैत्री बनेको छ ।<br>(१५) प्रशासनिक कामहरु समयमानै भएको छ, पटक पटक धाउनु परेको छैन<br>(१६) अन्य शुल्क तिर्नु परेको छैन, कार्यालय व्यवस्थापन राम्रो छ<br>(१७) स्थानिय सरकार भएको अनुभुती दिलाउने काम भएको छ । | (८) पुल कल्भट आवश्इक्ता भएको ठाउँमा नभएको<br>(९) कृषिलाई व्यवसायीकरण गर्न तर्फ लाग्नु पर्छ<br>(१०) सडक विस्तार भएको ठाउँमा स्तरउन्नती गरिनु पर्छ<br>(११) विद्युत तथा खानेपानीको पहुँच सबैमा पुर्‍याउनु पर्छ<br>(१२) योजना निर्माण गर्दा समावेशी र समानुपातिक तरिकाले विनियोजन गरिनु पर्छ<br>(१३) नगरपालिकाले वडा अध्यक्षहरु संग गुनासो राख्ने ठाउँ र त्यसको व्यवस्थापनको लागि काम गर्नु पर्छ<br>(१४) कार्यालयमा उपस्थित अनुपस्थित कर्मचारीको बिषयमा जानकारी दिने कुनै नयाँ तरिका अप्नाउन<br>(१५) नगरपालिकाको वेबसाईट अपडेट देखिएको छैन<br>(१६) राजश्व शाखा सुचनामैत्री बनाउन नयाँ प्रविधिको जडांन गर्नुपर्ने<br>(१७) नगरपालिकाले सबै वडामा पुगेर नियमीत फोहोरको व्यवस्थापन गरिनु पर्छ<br>(१८) वडा स्तरमा भएका कार्यक्रम र योजना त्यस क्षेत्रको टोल टोल मा सूचना टासगरी वा कुनै माध्यमद्वारा जनसमुदाय समक्ष स्पष्ट जानकारी वा सूचना प्रवाह भए अझ राम्रो हुने थियो ।<br>(१९) बेल्हा र सिवाई जोड्ने पुलको पुन निर्माणको लागि नगरपालिकाले पहल गरोस<br>(२०) कला संस्कृतिको क्षेत्र जगेर्ना गर्नका लागि समेत काम गरिनु पर्छ<br>(२१) सेवाग्राहि संग सिस्ट भाष प्रयोग गर्ने जनताका मनोआकाक्षा लाइ सके पुरा गर्ने नसके पनि सरल तरिकाबाट सम्झाई बुझाई गर्नु पर्छ ।<br>(२२) सेवाग्राहिको लागि प्रत्येक तल्लामा वस्ने व्यवस्था मिलाउनु पर्छ<br>(२३) नगरपालिकाबाट जारी हुने सूचना सबै नागरिकको पहुचमा पुग्नु पर्‍यो<br>(२४) योजनाहरुको रकमबाट कर कट्टि गरिनु राम्रो भएन<br>(२५) प्रशासनिक पारदर्शिताको आवश्यक छ, प्रमुखले दलको हैन जनताको काम गर्नु पर्‍यो<br>(२६) योजनकाको काममा धेरै पटक धाउनु परेकाले सके सम्म योजनाको काम छिटो छरितो हुनु पर्छ |

चौदण्डिगढी नगरपालिकाको आर्थिक बर्ष २०७८/०७९ पहिलो चौमासिक अवधिको सार्वजनिक सुनुवाई २०७८ मंसीर १० गते चौदण्डिगढि नगरपालिका ७ सिटि हलमा आयोजित कार्यक्रमको केहि झलकहरु









